## मानब बन्यजन्तु द्वन्द घटाउँ
## हामि पनि बाचौँ र बन्यजन्तु लाइ पनि बचाँउ





गाडी बिस्तारै चलाऊनुहोस बन्यजन्तुहरु बाटो काट्दै छन

The Rufford Foundation
www.rufford.org @ruffordgrants

### पर्सा राष्ट्रिय निकुञ्ज: परिचय

पर्सा राष्ट्रिय निकुञ्ज नेपालको मध्ये भागमा अबस्थित छ। यो बारा, पर्सा, मकवानपुर र चितवन राष्ट्रिय निकुञ्ज को पुर्बी सिमाना सम्म फैलिएको छ । २०४० साल मा पर्सा बन्यजन्तु आरक्षको रुपमा स्थापना भएको यस क्षेत्र लाइ २०७४ अषार १९ गते राष्ट्रिय निकुञ्जमा परिणत गरिएको हो। हाल येस्को छेत्रफल ६२७.३९ वर्ग किमि रहेको छ। केही दशक अगाडिसम्म यो क्षेत्रलाई प्रख्यात चारकोशे झाडी क्षेत्र भनिन्थ्यो र यसलाई प्रमुख शिकारस्थलको रूपमा लिइन्थ्यो ।

यहाँका प्रमुख जनावरहरू जंगली हात्ती, पाटेबाघ, चितुवा, जरायो, घोडगधा, बँदेल, गौरीगाई, बनकुकुर, हुडार आदि हुन । यस निकुन्जमा हात्ती(६०–६५ वोटा), सन् २०१७ को गणना अनुसार पाटे बाघ –१९ वटा, सन २०१६ को गणना अनुसार गैंडा– (३-५ वटा) र २०१५ को गणना अनुसार गौरिगाइ–१०५ वटा रहेको छ ।




बिबिधता– स्तन्धारी जीव (३२ प्रजाति), चराचुरुंगी (४९० प्रजाति), पुतली (३१ प्रजाति), सरीसृप( १० प्रजाति), बनस्पति( ३३४ प्रजाति ९०% साल जंगल र १०% अन्य)

संरक्षित बन्यजन्तु– जंगली हात्ती, पाटे बाघ, गैडा, गौरीगाइ, चौसिंगा / चौका, हुडार, सालक, जंगली कुकुर, अजिगंगर, सुनगोहोरो, राजधनेश




### मानब बन्यजन्तु द्वन्द

मानब र बन्यजन्तुको गतिबिधीको कारणले हुन आउने नकारात्मक प्रभाबहरुलाई मानब बन्यजन्तु द्वन्द भनिन्छ। यस द्वन्दले मानब र बन्यजन्तु दुबै पक्ष लाई क्षति पुर्याइरहेको हुन्छ। बनजंगल छेउछाउ बस्ने संसारका हरेक मनिसहरुले यस किसिम को द्वन्द सामना गरेका हुन्छन। द्वन्दका कारणहरु बुझी उचित व्यबस्थापनाका उपायेहरु अपनाउदा द्वन्दलाई कम गर्न सकिन्छ।

### मानब बन्यजन्तु द्वन्दका कारण हरु–

- जनाबरहरु घुमफिर गर्ने जबिक मार्गमा खल्बली र बाधा आउनु
- बन्यजन्तु को बासस्थान बिनास तथा अतिक्रमण हुनु
- बनमा धेरै निर्भर हुनु
- बन्यजन्तुलाई जिस्काउने र बाधा पुर्याउने काम गर्नु
- जंगल छेउछाउमा बन्यजन्तुलाई मनपर्ने स्वादिस्ट पोषणयुक्त बाली लगाउनु
- अन्नबाली तथा खानिकुराहरुको असुरक्षित भंडारण जसको करणले बन्यजन्तु गाउघर तिर आकर्शित हुनु
- डडेँलो तथा खडेरीको कारणले जंगलमा आहाराको कमी भाई बन्यजन्तु गाउ पस्नु
- घाइते तथा ब्रिद्ध बन्यजन्तु (बाघ, चितुवा) शाहज शिकारको लागि गाउँ पस्न
- द्वन्द व्यबस्थापन, न्यूनिकरणक तथा राहत ब्यबस्था सम्बन्धी ज्ञान नहनु
- मानब जनसंख्या वृद्धि

### द्वन्द न्यूनिकरणका उपायेहरु

- नबिकराणीय उर्जा प्रबिधी प्रयोग गरी बनतिरको निर्भर्ता घटाऊने
- बन्यजन्तु लाई जिस्काउने, बधा पुर्याउने काम नगरने
- हात्ती लगायात बन्यजन्तु लाई मन नपर्ने बैकल्पिक बाली जस्तै बेसार, खुर्सानी, सुर्ती, कागती आधी लगाउने। मौरी पालन गर्ने जसबाट हात्ती लगायत अन्ये जनाबर डराउछ
- घरपालुवा जनाबर लाई चरीचरनको लागि जंगल नलाने र सुरक्षित गोठ निर्माण गरी पाल्ने
- पर्यापर्यटन को बिकास गर्ने
- सम्भव भएसम्म बलिया पक्की घर गोठ को निर्माण गर्ने
- जैबिक मार्ग (corridor) बनाइ बन्यजन्तु को सहज आवतजावत को व्यबस्था गर्ने
- निकुन्जसँग समन्व्य गरी तारबार, सौर्य तारबार गर्ने
- उचित क्षतिपुर्ती तथा राहत उपलब्ध गराउने
- बन्यजन्तुको आहार तथा बासस्थान व्यबस्थापन र सुधार गर्ने
- बनगस्ती गर्ने तथा प्रबिधीको प्रयोग गरी हिन्शक बन्यजन्तु को निगरानी गरी बन्यजन्तु को अबस्थिती बारे गाउलेहरुलाई पूर्वसुचना दिने

## राहतको व्यबस्था

जङ्गली हात्ती लगायतका वन्यजन्तुले वन क्षेत्र तथा गाउँ/वस्तीमा प्रवेश गरी स्थानीय जनताको धनजनको क्षति हुन गएमा वन्यजन्तु र स्थानीय बासिन्दा बिचको अन्तर सम्बन्ध घनिष्ठ कायम राख्न निश्चित मापदण्डको आधारमा पीडित पक्षलाई राहत उपलब्ध गराउने ब्यबस्था रहेको छ ।

## राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरु

- पिडित/ हकवालाको निवेदन
- सम्भव भएसम्म मृतकको/ पीडितको फोटो
- मृत्यु दर्ता प्रमाणपत्र
- घटनास्थलको सर्जमीन मुचुल्का
- स्वास्थ्य सस्थाका सिफारिस र औषधिका बिल
- प्रहरी प्रतिबेदन,
- सम्बन्धित मध्यवर्ती उपभोक्ता समिति वा संरक्षण क्षेत्र व्यबस्थापन उपभोक्ता समिति वा परिषद वा सामुदायिक वन समितिको सिफारिस,
- सम्बन्धित गाउ विकास समिति वा नगरपालिकाको सिफारिस
- भण्डारण गरेको अन्न एवं खाद्यान्न बालिको क्षति भएमा कृषि सेवा सम्बन्धि प्राबिधिकको सिफारिस
- नाता प्रमाणित कागजात तथा जग्गा धनी प्रमाण पुर्जा



मगर गोही र जसका आक्रमण बाट घाइते व्यक्ती

## राहत रकमको हद :

- मानबिय क्षति को लागि क्षतिको प्रकृति, प्रेषित कागजात र सिफारिस को अधारमा सामान्य घाइते को लागि २०,०००, सक्त घाइते को लागि २,००,००० सम्म र मृतु भएमा मृतकको परिवार लाइ १०,००,००० रकम दिने ब्यस्वस्था छ ।
- घर/गोठ क्षतिको लागि क्षतिको प्रकृति हेरी प्रेषित कागजात र सिफारिस को आधारमा बढीमा रु.१०,०००।– सम्म । भकारीमा भण्डारण गरिएको अन्नको क्षति को लागि प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु.१०,०००।–
- वयस्क भैंसी वा जोत्ने उमेरको रांगो वा गोरु वा उन्नतजातको गाई वा साँडेको मृत्य' भएमा रु.३०,०००।-(तीस हजार) सम्म । अन्य पशुको लागि वस्तुभाउको प्रकार हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु.१०,०००।-(दश हजार) सम्म। तर पशुधनको बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराइनेछ ।
- खाद्यान्न बालीको क्षतिको लागि सम्बन्धित उपभोक्तासमिति, गाउँ विकास समिति/नगरपालिका बाट प्राप्त क्षतिसम्बन्धी प्रतिवेदन र सिफारिसका आधारमा खाद्यान्न बालिको क्षतिको क्षेत्रफल र प्रकृति हेरि बढिमा रु. १०,०००।– (दश हजार) सम्म ।



मनहरीका नरबहादुर थिङ हात्तीले भात्काइदिएको घरको अवशेष देखौदै, हाल पाल लगएर बस्ने गरेको ।

## सडक दुर्घटना बन्यजन्तु संरक्षणमा अर्को चुनौती


चोरी शिकारीबाट भन्दा सडक दुर्घतना बाट धेरै बन्यजन्तु मर्ने गरेको कुरा अनुसन्धानले देखाउछ। आर्थिक बर्ष २०७३/७४ मा एक बर्षको अबधीमा ३२६ बन्यजन्तुको मृतु भएको देखिन्छ जसमध्ये १३३ बन्यजन्तु सडक दुर्घटनामा मात्रै मरेको देखिन्छ (DNPWC २०७४) ।

देशकै महत्वपुर्ण महेन्द्र राजमार्ग यस निकुन्जको बिचबिच भएर जान्छ । राजमार्गमा बन्यजन्तुको ओहोरदोहोरका अलग ब्यबस्था नहुँदा गाडीको ठक्करबाट हरेक बर्ष धेरै बन्यजन्तु मर्ने गरेका छन ।

तसर्थ एस्ता दुर्घटनाबाट बन्यजन्तुलाई जोगाउन राजमार्गमा underpass (तलबाट आवतजावत गर्ने बाटो) र overpass को ब्यबस्था गरिनु पर्छ । साथै घाइते जनाबरको उपचारको लागि बन्यजन्तु अस्पताल बनाउनुपर्ने देखिन्छ ।



राजमार्गमा बन्यजन्तुहरु



सिडापुरमा बनाइएको overpass eco-bridge जहाबाट बन्यजन्तु सहजै आवतजावत गर्छन



घरपालुवा कुकुरको आक्रमण बाट मरेका बन्यजन्तु